प.नं:५७(०८२।८३)

श्रीमान् अध्यक्ष ज्यू, मितिः- २०८३।०२।०८

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN),

काठमाडौं

विषयः- कानूनी राय उपलब्ध गराइएको बारे।

महोदय,

त्यस स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN), को च.नं. १०७(०८२/८३) मिति २०८३।०२।०७ को पत्रबाट माग भए बमोजिम पाना -७ (सात) को कानूनी राय यसै निवेदन साथ पेश गरेको व्यहोरा सादर अनुरोध गर्दछु।

निवेदक

राजन नेपाल
अधिवक्ता
प्रमाण-पत्र नं. ३९६५
सम्पर्क नं. ९८४१३६०२०८
nepal.rajan67@gmail.com

CamScanner

## २४ औं साधारण सभा र विधान संशोधन सम्बन्धी कानुनी राय

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान) नेपाल को च.नं. १०७ (०८२/८३) मिति २०८३।०२।०७ को पत्रबाट देहाय बमोजिमका विषयमा कानूनी राय माग भई आएको रहेछः

- २०८० साल जेठ ३२ गते सम्पन्न २१ औं साधारण सभाले इप्पानको विधान संशोधन तथा पुनर्लेखनका लागि गठित भानु भक्त पोखरेल संयोजकत्वको विधान संशोधन तथा पुनर्लेखन मस्यौदा समितिले २०८२ साल असार २९ गते इप्पानलाई समग्र उर्जा क्षेत्रको प्रतिनिधित्व गर्ने छाता संगठन (महासंघ) को रुपमा रुपान्तरण गर्ने गरी राय सुझाव पेश गरेको तथा २०८२ साल असार ३१ गते भएको साधारण सभाले महासंघ रुपान्तरणका सवै प्रकृया अघिक वढाउनका लागि इप्पान अध्यक्ष गणेश कार्कीलाई जिम्मा दिएको थियो। बैठकमा अध्यक्ष कार्कीले इप्पानका बरिष्ठ उपाध्यक्ष मोहन कुमार डांगी र महासचिव बलराम खतिवडा सहितको उप-समिति निर्माण गरेर उप समितिका सदस्यहरु तथा कानून व्यवसायीहरुसंग पटक-पटक छलफल गर्दा तत्काल महासंघमा जान नसक्ने भएकोले २०८३ साल वैशाख ४ गते बसेको कार्य समिति बैठकले समय भित्रै साधारणसभा एवं अधिवेशन गर्ने गरी समय तोकि सकेको अवस्थामा २३ औं साधारण सभाले पाएको जिम्मेवारी अनुसार अध्यक्ष कार्कीले महासंघ वन्न नसक्ने जानकारी गराई तोकिएकै समयमा साधारण सभा गर्नका लागि कानूनी अड्चन हुन्छ कि हुँदैन?
- २०८२ साल असार ३१ गते अर्थात आर्थिक वर्षको अन्तिम दिन २३ औं साधारण सभा आयोजना गरिएकोले सोही आर्थिक वर्षमा इप्पान नविकरण हुन सकेको छैन भने २३ औं साधारण सभावाट पारित निर्णयहरु नविकरण गर्ने अवधि सकिएकोले जिल्ला प्रशासन कार्यालयमा वुझाइएको पनि छैन। अर्थात गत आर्थिक वर्ष २०८१/०८२ मा इप्पान नविकरण भएको छैन। अघिल्लो वर्ष नविकरण नभएको इप्पानले अहिले साधारण सभा गर्न मिल्छ कि मिल्दैन? यदि यो वर्ष पनि समयमै साधारण सभा भएर २०८३ असार भित्रै नविकरण नभएमा इप्पान अघि वढाउनका लागि के के कुरामा असर पर्न सक्छ? अर्थात अभिलेखिकरण नभएकोले महासंघमा परिणत गर्ने निर्णयको हैसियत के हुन्छ?
- इप्पानलाई महासंघमा परिणत गर्नको लागि राष्ट्रिय निर्देशक समिति निष्कृय रहेकोले असम्भव देखिएको तथा अर्को तिर इप्पानलाई यथा स्थितिमै राखेर ७ प्रदेश सहित १३ जिल्लामा कम्तिमा नौ कार्य समितिका लागि न्यूनतम २७ साधारण सदस्य चाहिने व्यवस्था प्रावधान अनुसार सदस्य संख्या समेत नपुग हुने विश्लेषण गर्दै साधारण सभावाट जिम्मा पाउनु भएका इप्पान अध्यक्ष स्वयंले नै महासंघ असम्भव भएकोले समयमै अधिवेशनका लागि प्रस्ताव गर्नु भएकोले २४ औं साधारण सभा समयमै गर्नका लागि कुनै कानूनी बाधा अड्चन पर्छ कि पर्दैन?

उक्त माग भई आएको रायका सम्वन्धमा देहाय बमोजिम कानूनी व्यवस्था रहेको पाइन्छः

## इप्पानको विधानमा भएको कानूनी व्यवस्था

- स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान) नेपाल, को विधान २०५७ (संशोधन सहित) को दफा १३ मा साधारण सभा सम्बन्धी व्यवस्था गरेको छ, जसमा साधारण सभाको बैठक वर्षमा एक पटक बस्ने, वार्षिक साधारण सभा बोलाउँदा कम्तिमा १५ दिन अगावै सबै सदस्यहरुलाई सूचना दिनु पर्ने तर विशेष परिस्थितिमा संस्थाको कार्य समितिले ७ दिन अगावै सूचना दिई विशेष साधारण सभा बोलाउन सक्ने व्यवस्था छ।
- साधारण सभा बोलाउँदा बिभिन्न संचार माध्यमको समेत प्रयोग गरी सार्वजनिक सूचना समेत गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ। सम्पूर्ण सदस्य संख्याको २५ % सदस्यले नियमित साधारण सभा वस्नु अगावै वीचैमा साधारण सभा बस्नका निम्ति लिखित अनुरोध गरेमा सभापतिले सो सूचना प्राप्त गरेको १५ दिन भित्र विशेष साधारण सभा बोलाउनेछ भन्ने व्यवस्था छ ।
- ५१ % सदस्य उपस्थित नभई साधारण सभाको बैठक वस्ने छैन तर पहिलो पटक गणपूरक संख्या नपुगेका कारण स्थगित भै पुन बोलाइएको सभाका निम्ति भने २५ % सदस्यको उपस्थिति पर्याप्त हुनेछ। तर कुनै सदस्यको बर्खास्त गर्ने कुनै विशेष निर्णय लिनु पर्ने प्रस्तावका सम्बन्धमा भने सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ भन्ने व्यवस्था छ। वहुमतको राय साधारण सभाको राय मानिने छ भन्ने व्यवस्था रहेको देखिन्छ।
- सोही विधानको दफा २९ मा विधान संशोधन गर्न आवश्यक भएमा सो का निम्ति विशेष प्रस्ताव साधारण सभामा छलफलका निम्ति सूचिमा समावेश गरी पेश गर्ने गरी सबै सदस्यहरुलाई सूचित गरिनेछ। सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यले सो प्रस्ताव पारित गरेमा विधान संशोधन हुनेछ। सो संशोधन स्थानीय अधिकारीबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ र समाज कल्याण परिषद्मा आवद्ध भएको भए त्याहाँबाट पनि स्वीकृत प्राप्त गर्न आवश्यक हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

## संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ मा भएको कानूनी व्यवस्था

### संस्था दर्ता ऐन, २०३४ (संशोधन सहित) मा भएको कानूनी व्यवस्था

संस्था दर्ता ऐन, २०३४(संशोधन सहित) को दफा ८ मा संस्थाको उद्देश्यहरुमा हेरफेर सम्बन्धी व्यवस्था छ, जस अन्तर्गत उपदफा (१) मा संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान वमोजिम असाधारण सभा बोलाउनु पर्नेछ। त्यसै गरी उपदफा (२) मा असाधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव असाधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ भन्ने व्यवस्था छ।



CamScanner

त्यसै गरी दफा १४ मा संस्थाको विघटन र त्यसको परिणाम सम्बन्धी व्यवस्था छ, जस अन्तर्गत उपदफा (१) मा संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ। उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

संस्था दर्ता नियमावली, २०३४(संशोधन सहित) मा भएको कानूनी व्यवस्था

संस्था दर्ता नियमावली, २०३४ (संशोधन सहित) को नियम ४को उप नियम (१) मा संस्था दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म बहाल रहने व्यवस्था छ। उपनियम (२) मा संस्थाको बहाल रहने अवधि समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाट पाँच सय रुपैयाँ दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नविकरण गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी उपनियम (३) मा उप नियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिब कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्ने व्यवस्था रहेको छः

(क) उपनियम(२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि-रु. २५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. ५००।- को दरले दुई आर्थिक वर्षको लागि रु. १,०००।-

उप नियम (४) मा म्याद भित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाण-पत्र नवीकरण हुन नसकेको मनासिब कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाँका दरले थप जरिवाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरि दिन सक्ने व्यवस्था रहेको छ भने, उप नियम (५) मा कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि एक सय रुपैयाँ दस्तुर लिई एकै पटक पाँच वर्ष सम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरि दिन सक्ने व्यवस्था रहेको देखिन्छ।

**इप्पानको मिति २०८२।०३।३१ मा सम्पन्न भएको २३ औं वार्षिक साधारण सभामा विधान संशोधन सम्बन्धमा भएको निर्णय**

- इप्पानको २१ औं वार्षिक साधारण सभामा इप्पानको विधान संशोधन गर्न श्री भानु प्रसाद पोखरेलको संयोजकत्वमा एक विधान संशोधन कमिटी गठन भएको र सो कमिटिले इप्पानको २३ औं वार्षिक साधारण सभामा विधान संशोधन गर्न प्रतिवेदन सहितको मस्यौदा प्रस्तुत गर्नु भएको थियो। उक्त प्रतिवेदन सहितको मस्यौदालाई साधारण सभाले ग्रहण गरी अनुमोदन गर्ने निर्णय साधारण सभाको माइन्युटको बुँदा नं. ६.१ मा भएको देखिन्छ । सोही निर्णयको बुँदा नं. ६.२ ले समितिले आधिकारीक रुपमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गरी पेश गरेको प्रतिवेदन र संशोधन मस्यौदा

उपर छलफल हुँदा, समितिले दिएको सुझाव अनुरुप सभाले हालको विधान संशोधन गर्नु भन्दा अब यस संस्थालाई महासंघको स्वरुपमा रुपान्तरण गरी सबै सम्बन्धित संस्थाहरुसँग सहकार्य गरेर छुट्टै उर्जा क्षेत्रमा कार्यरत सम्पूर्ण संस्थाहरुको छाता संगठन बनाउने गरी यस संस्थालाई आगामी ६ महिना भित्र महासंघमा परिणत गरी त्यसपछिको १ वर्ष भित्र नयाँ महासंघको अधिवेशन गर्ने समेत सर्वसम्मत निर्णय भएको देखिन्छ।

- सोही निर्णयको बुँदा नं. ६.३ मा महासंघमा परिणत गर्न संस्थाका अध्यक्षलाई अख्तियारी दिइएको र अध्यक्षलाई बुंदा नं. ६.२ मा दिइएको समय तालिका अपुग भएमा आवश्यकतानुसार थप गर्ने समेत निर्णय भएको देखिन्छ।

**<u>महासंघ बनाउनको लागि कानुनी व्यवस्था (जिल्ला प्रशासन कार्यालय, काठमाडौंद्वारा जारी सूचना अनुसारको चेकलिष्ट)</u>**

महासंघ एक छुट्टै संस्था हो, इप्पानलाई महासंघमा परिवर्तन गर्न सकिन्न, इप्पान संधै इप्पानको रुपमा रहने र महासंघमा इप्पानलाई प्रतिनिधि पठाउनु पर्ने हुन्छ । सो सन्दर्भमा महासंघ गठन गर्ने सम्वन्धमा, जिल्ला प्रशासन कार्यालय, काठमाडौंद्वारा जारी सूचना अनुसार देहाय बमोजिम को प्रावधान रहेको पाइन्छः

१. महासंघ दर्ताको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई सम्वोधन गरेको तदर्थ समितिका पदाधिकारी र सदस्यहरुले दस्तखत गरेको तोकिएको ढाँचाको संयुक्त निवेदन।

२. कम्तीमा ७ (सात) प्रदेशका ११ (एघार) जिल्लाको संस्थाको साधारण सभाले महासंघमा जान निर्णय गरी कम्तिमा ३ जना प्रतिनिधि पठाउनु पर्नेछ।

३. कम्तिमा ११ (एघार) जिल्लाको संस्थाको चालु आ.व. मा नविकरण भएको प्रमाणपत्र, चालु आ.व. को कर चुक्ता र विधान समेतको प्रमाणित प्रतिलिपी।

४. प्रत्येक जिल्लाबाट पेश भएका संस्थाहरुको दर्ता, नविकरण र गतिविधि सम्वन्धमा खुलाई लेखिएको सम्वन्धित जिल्ला प्रशासन कार्यालयको पत्र।

५. स्थानीय तह (गा. पा./न.पा./उ.म.न.पा./म.न.पा.) को सिफारिस पत्र

६. महासंघ स्थापनाको लागि सबै प्रदेशको प्रतिनिधित्व हुने गरी कम्तिमा नौ जिल्लाबाट तदर्थ कार्य समितिको ३ गुणा बढीको भेलाले निम्न विषयहरु उल्लेख गरी सर्व सम्मत निर्णय गर्ने।
   - कम्तिमा नौ सदस्य तदर्थ समिति गठन गर्ने (४ जना पदाधिकारी र ५ जना सदस्य)
   - महासंघको नाम र ठेगाना छनौट गर्ने
   - विधान मस्यौदा तयार गर्न उपसमिति गठन गर्ने

७. तदर्थ समितिले निम्न विषयहरु उल्लेख गरी सर्वसम्मत निर्णय गर्ने
   - तदर्थ समितिले विधान मस्यौदा पारित गरी स्वीकृतिका लागि स्थानीय अधिकारी समक्ष पेस गर्ने।
   - महासंघ दर्ताको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौं जानको लागि पदाधिकारीहरुलाई अख्तियारी दिने।

८. महासंघको कार्यहरुलाई विशिष्टिकरण (Specification) गर्नको लागि उद्धेश्य मिल्ने संस्थाहरुले बढीमा ५ वटा उद्धेश्यहरु राखी नेपाली कागजमा ३ प्रति (सेट) विधान बनाई तदर्थ समितिका पदाधिकारी र सदस्यहरुले प्रत्येक पानाको तल र माथि दस्तखत गरी पेश गर्ने।

९. तदर्थ कार्य समितिका पदाधिकारी तथा सदस्यहरुले नेपाली नागरिकता प्रमाण-पत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपीहरु १/१ प्रति।

१०. महासंघ तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं., ई-मेल, दस्तखत र फोटो सहितको विवरण।

११. महासंघका तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको चालचलन सम्वन्धी प्रहरी प्रतिवेदन।

१२.तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको सक्कल नेपाली नागरिकता प्रमाणपत्र सहित सनाखतका लागि पदाधिकारी उपस्थित हुनु पर्ने।

१३. महासंघको नाम र उद्धेश्यको विषयमा सम्वन्धित मन्त्रालय/ विभाग/ निकायको प्रतिक्रिया तथा सहमति लिनु पर्ने भएमा सो को सिफारिस पत्र।

**इप्पानको मिति २०८३।१।४ मा २०० औं कार्यसमितिको वैठकले गरेको निर्णय**

इप्पानको कार्य समितिमा अध्यक्षले महासंघको लागि अध्ययन गर्न वरिष्ठ उपध्याक्ष श्री मोहन कुमार डांगी र महासचिव श्री वलराम खतिवडा सहितको उपसमिति निर्माण गरेर उपसमितिका सदस्यहरु तथा कानुन व्यवसायीहरुसँग पटक पटक छलफल गर्दा कानुन व्यवसायिहरुवाट इप्पानलाई महासंघ वनाउनको लागि विद्यमान राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता गर्नु पर्ने, तथा गृह मन्त्रालयले २०७१।९।१४ मै आवेदन नलिने गरी सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गरि सकेकाले इप्पानलाई सोझै महासंघमा लान कानुनी अड्चन देखिएकोले यो विषय आगामी साधारण सभामा प्रस्तुत गर्न मिति २०८३।१।४ गतेको इप्पानको कार्यसमतिको २०० औं वैठकले अनुमोदन गरेको देखिन्छ।

**कानुनी राय**

ईप्पानको विधान (संशोधन सहित), २०५७, संस्था दर्ता ऐन (संशोधन सहित), २०३४, संस्था दर्ता नियमावली (संशोधन सहित), २०३४, जिल्ला प्रशासन कार्यालय, काठमाडौंवाट प्रकाशित महासंघ दर्ताको लागि आवश्यक कागजातहरुको सूची (चेकलिष्ट) समेतको अध्ययनको आधारमा देहायको कानूनी राय उपलव्ध गराइएको छः

१। स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपालको विधानको दफा २९ अनुसार विधान संशोधन गर्नको लागि साधारण सभामा "विशेष प्रस्ताव" लैजानु पर्छ। साथै सबै सदस्यहरुलाई पूर्व सूचना दिनु पर्दछ। साधारण सभाको छलफलमा छलफल गर्न र पारित गर्नको लागि दुई तिहाई सदस्यहरुले समर्थन गर्नु पर्दछ र स्थानीय अधिकारीवाट स्वीकृति भएपछि मात्र लागु भै प्रयोगमा आउँछ। यदि यो संस्था समाज कल्याण परिषदमा दर्ता भएको भए त्यहाँवाट पनि स्वीकृति प्राप्त गरेको हुनु पर्दछ। विधान संशोधनको विषय प्रत्येक सदस्यहरुलाई थाहा हुनु पर्दछ। यसको लागि निजहरुको व्यक्तिगत ठेगाना वा सार्वजनिक सूचना प्रकाशित गर्नु पर्दछ।

२। समितिले पेश गरेको प्रतिवेदन र विधान संशोधन स्वीकृत हुनको लागि पनि वैधानिक रुपमा सदस्यहरुले साधारण सभा हुनु भन्दा १५ दिन अघि थाहा पाएको हुनु पर्दछ। अर्थात वार्षिक साधारण सभामा पेश गर्ने प्रस्ताव सूचनामा उल्लेख हुनु पर्दछ।

३। समितिले पेश गरेको विधानको अनुसूची-१ मा महासंघ बनाउने प्रस्तावनामा मात्र संशोधन गरेको देखिन्छ। यसरी प्रस्तावना संशोधन गरेर मात्र महासंघ नबन्ने भएकोले त्यो संशोधित भनिएको प्रतिवेदन सहितको विधान संशोधनको मस्यौदा नै महासंघ दर्ता गर्ने कानूनी आधार देखिएन। महासंघको लागि छुट्टै कानूनी प्रकृया र नयाँ विधान बनाउनु पर्ने हुन्छ। चौबिसौं वार्षिक साधारण सभा तोकिएको समय सीमा भित्र गर्नु पर्दछ र सो अवधि सम्म महासंघ बन्नको लागि कानूनी प्रकृया पूरा गर्न नसकिने हुँदा भविष्यमा कानूनी प्रकृया पूरा गरी महासंघमा जान सकिने भए पनि तत्काल त्यो संभव देखिंदैन।

४। २३ औं साधारण सभामा उठाइएका विधान संशोधनको र महासंघ बनाई गर्ने भन्ने विषयको सार्थकता मेल खाँदैन। ईप्पान स्वतन्त्र संस्था भएको र जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दर्ता रहेको र हालको प्रावधान अनुसार यो जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मात्र दर्ता हुने व्यवस्था छ। तर अहिले तत्काल महासंघ दर्ता गर्न पनि कानूनी प्रकृया पूरा गर्न नसकिने देखिंदा नियमित वार्षिक साधारण सभा गर्नु पर्ने देखिन्छ।

५। २३ औं साधारण सभामा विधान संशोधन सम्बन्धमा गरिएको निर्णयको सारः

- निर्णयको बुँदा नं. ६(१) मा " प्रतिवेदन सहितको विधान संशोधनको मस्यौदा पेश भएको र साधारण सभाले ग्रहण गरी अनुमोदन गर्ने निर्णय गरिएको भनिएको छ तर विधान संशोधन स्वीकृत भएको भन्ने प्रष्ट वाक्यांश उल्लेख छैन। फेरी विधान संशोधनमा प्रस्तावनामा मात्र संशोधन गरेको देखिन्छ। प्रस्तावनामा गरिएको संशोधन " महासंघको विषय उल्लेख छ। छुट्टै महासंघ बनाउने विधान यस संस्थाले स्वीकृत गर्न सक्दैन। किनकी यसको क्षेत्राधिकार त्यो होइन।
- निर्णयको बुँदा नं. ६(२) मा प्रष्ट रुपमा बुँदा नं. ६(१) को विषयलाई खण्डन गरेको देखिन्छ। यसमा प्रष्ट रुपमा विधान संशोधन गर्नु भन्दा महासंघ बनाउने विषय उल्लेख भएको तर जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट स्वीकृति भई लागु भएको देखिंदैन। यस्तो अवस्थामा महासंघ बनाउने निर्णयको कानूनी वैधता नहुने हुँदा विधान संशोधन भएको अर्थ गर्न मिल्दैन। किनकी हालको व्यवस्था अनुसार जिल्ला प्रशासन कार्यालय, ललितपुरमा महासंघ दर्ता गर्ने क्षेत्राधिकार देखिंदैन।
- संस्था दर्ता ऐन(संशोधन सहित), २०३४ को दफा ८(१) मा एउटा संस्था अर्को संस्थामा गाभ्न सक्ने कानूनी व्यवस्था भएको देखिन्छ तर भई रहेको संस्थालाई रुपान्तरण गरी महासंघ बनाउन सक्ने कानूनी व्यवस्थाको अभाव देखिन्छ।
- तेइसौं वार्षिक साधारण सभाले महासंघ बनाई महासंघको साधारण सभा गर्ने भन्ने विषय एवं निर्णय कार्यान्वयन गर्न सम्भव देखिंदैन।
- कुनै पनि संस्थाले लागु गर्न नसकिने निर्णय गरेमा वा तत्काल प्रचलित कानूनी व्यवस्था भन्दा फरक रुपमा निर्णय गरेमा सो लागु हुन सक्दैन ।

- कार्य समितिको पदावधि आगामी मिति २०८३।०२।२९ गते समाप्त हुने देखिएको र सो मिति सम्म कार्य समितिको निर्वाचन गर्नु पर्ने हुँदा हालको प्रचलित विधान अनुसार कार्य समितिका पदाधिकारीहरुको निर्वाचन गर्नु पर्ने हुन्छ।
- यस संस्थाको आ.व. २०८१/०८२ देखि नवीकरण नभएको भन्ने सम्वन्धमा संस्था दर्ता नियमावली, २०३४ को नियम ५ को उप नियम (४) मा म्याद भित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाण-पत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाँका दरले थप जरिवाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नविकरण गरि दिन सक्नेछ भन्ने व्यवस्था रहेको देखिंदा सो कानूनी प्रावधान बमोजिम संस्थाले नविकरणको प्रक्रिया अघि बढाउनु उपयुक्त देखिन्छ।
- यदि संस्थाले समयमै नविकरण नगराएमा बैंक खाता संचालन, KYC Update, नेपाल सरकारलाई बुझाउनु पर्ने कर लगायत आर्थिक दायित्व समेतका विषयमा समेत असर पर्न सक्ने देखिंदा आगामी २४ औं साधारण सभा गराउनु उपयुक्त हुन्छ। यदि २४ औं साधारण सभा नगराएमा कार्यसमितिका पदाधिकारीको कार्यकाल समाप्त हुने र कार्यकाल समाप्त भईसकेपछि संस्थालाई नियमित गर्न कानूनी रुपमा समेत कठिनाई उत्पन्न हुन सक्छ।
- महासंघ गठन गर्ने विषय र हाल कायम रहेको इप्पानको अस्तित्व सम्वन्धी विषय दुई अलग-अलग विषय रहेको हुन्छ। इप्पानको दर्ता जिल्ला प्रशासन कार्यालय, ललितपुरमा भएको हुँदा यसको नियमनकारी निकाय जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट हुन्छ। महासंघ दर्ता, गठन सम्बन्धी काम कारवाहीको क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट हुने देखिन्छ र महासंघ दर्ताको लागि माथि उल्लेखित प्रकृया पूरा गर्नु पर्ने हुँदा यी दुई विषय अलग-अलग हुन्।
- तसर्थ ईप्पानको मिति २०८२।०३।३१ को २३ औं साधारण सभावाट भएको निर्णयको बुँदा नं. ६(३) को निर्णय महासंघसंग सम्वन्धित भएको र तत्काल महासंघ गठन हुने अवस्था नदेखिएको हुँदा ईप्पानले गर्न लागेको २४ औं वार्षिक साधारण सभा हाल चालु रहेको विधान अनुसार गर्न र पदाधिकारीहरुको निर्वाचन गर्न सक्ने देखिन्छ।

कानूनी राय प्रस्तुतकर्ता
राजन नेपाल
अधिवक्ता
प्रमाण-पत्र नं. ३९६५
सम्पर्क नं. ९८४१३६०२०८
इमेल- nepal.rajan67@gmail.com



CamScanner